निर्णय प्रमाणित
[signature]
२०८१।८।२०

## मिति २०८१ साल मंसिर १९ गते बसेको नगर कार्यपालिकाको निर्णयहरु

| निर्णय नं. | प्रस्ताव/ विषय | निर्णय |
|---|---|---|
| १ | अघिल्लो बैठकको समिक्षा सम्वन्धमा | अघिल्लो बैठकले गरेका सवै निर्णयहरु कार्यन्वयनक्रममा रहेको पाईयो । |
| २ | बेरूजु फछौंट सम्बन्धमा। | लेखा समितिको मितिः२०८१।०८।०२ गतेको बैठकबाट आ.व.२०७६।७७, आ.व.२०७७।७८, आ.व.२०७८।७९ र आ.व.२०७९।८० को नियमिति बेरूजु फछौंट सम्बन्धमा लेखा समितिले पेश गरेको अनुसूची १ देखी ४ सम्म उल्लेख भए बमोजिमको फछौंट गर्नुपर्ने बेरूजु रकम रू २ करोड ३६ लाख ५३ हजार ८ सय ९६ रूपैया बेरूजु देखिएकाले सो अध्ययन गर्दा कार्यालय संचालनका लागि आवश्यक कर्मचारी व्यवस्थापन गर्दा खर्च भएको र सरकारी हानी नोक्सानी भएको नदेखिएको हुँदा फछौंटका लागि आउँदो १६ औ हउिंदे अधविशनमा सफिारसि गर्ने।) |
| ३ | शिर्षक परिवर्तन सम्बन्धमा। | विपन्न परिवारका आमाहरुको आङ्ग खस्ने रोगको सल्याक्रिया लागि अस्पतालसँग साझेदारीमा निशुल्क उपचारको लागि आर्थिक सहायता शिर्षकमा रहेको बजेट रू५०००००/- आगामी नगरसभाबाट अनुमोदन हुने गरी ९ वटै वडामा निशुल्क महिला स्वास्थ्य शिविर संचालन तथा आङ्ग खस्ने समस्या भएका महिलाहरूलाई निशुल्क सल्यक्रियाको व्यवस्थापन गर्ने। |
| ४ | सामुदायिक सर्पदंश तथा प्राथमिक उपचार सेवा केन्द्र, लेटाङ संचालन सम्बन्धमा। | स्वास्थ्य सेवा विभाग डपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको मितिः२०८१।०८।०५ गतेको चं.नं. ५१५ भएको पत्रानुसार सर्पदंश उपचार केन्द्र संचालनका लागि सर्पदंश उपचार केन्द्र संचालन सम्बन्धी मापदण्ड, २०७७ को दफा ६ बमोजिम अनुमती प्राप्त भएकाले सामुदायिक सर्पदंश तथा प्राथमिक उपचार सेवा केन्द्र लेटाङ आवश्यक प्रकृया पुरा गरी नेपाली सेनाको पूर्वी पृतना तालिम शिक्षालय लेटाङ मोरङसंग समन्वय गरी संचालन गर्ने। |
| ५ | बाखा तथा बंगुर प्रवर्धन कार्यक्रम सम्बन्धमा। | आ.व.२०८१।८२ को स्विकृत प्रदेश सरकारको ससर्त अनुदान बाखा तथा बंगूर पालन प्रवर्द्वन कार्यक्रम संचालनका लागि आर्थिक बिकास समितिको मितिः२०८१।०८।०४ गतेको निर्णयको सिफारिस बमोजिम देहायको वडा र स्थान छनौट गर्ने निर्णय गरियो।<br>देहायः<br>सि.नं. / कार्यक्रमको नाम / वडा<br>१ / बाखा पालन प्रवर्दन कार्यक्रम / ७<br>२ / बंगूर पालन प्रवर्द्धन कार्यक्रम / ९ |
| ६ | मदन भण्डारी राजमार्ग सम्बन्धमा। | लेटाङ नगरपालिका हुँदै जाने निर्माणाधिन मदन भण्डारी राजमार्गको सन्दर्भमा यस अगि नगरसभा तथा कार्यपालिकाको भएको निर्णयको कार्यान्वियन गर्ने गराउने तथा उक्त सडकको बजार खण्डमा सडक निर्माणको रेखदेख साथै सडक निर्माण सहजिकरणका लागि वडा नं ३ को वडा अध्यक्ष श्री डम्बर बहादुर राईलाई सम्पर्क व्यक्ती तोक्ने। |
| ७ | टिपर र सवारी SPEED सम्बन्धमा। | टिपर सम्बन्धमा यस अघिको कार्यपालिकाबाट भएको बाईपास सम्बन्धी निर्णयको प्रभावकारी कार्यान्वयन गर्ने र बजारक्षेत्रभित्र सबैखाले सवारी साधनको अधिकतम SPEED LIMIT 20 km/hr कायम गर्ने। |
| ८ | बजेट बिनियोजन सम्बन्धमा। | १.मेन बजारक्षेत्रको पश्चिम पट्टीको ढल सरसफाई गर्न आवश्यक रहेकाले प्राविधिक स्टमेट बमोजिम उक्त स्थानको सरसफाई गर्ने। (श्रोतःमर्मत संभार कोष) |

| | | |
|---|---|---|
| | | २. लेटाङ नगरपालिका वडा नं ७ को वडा कार्यालय भवन वायरिङ र पल्मबिङको लागि प्राविधिक स्टमेट बमोजिम रू १७००००/- बजेट बिनियोजन गर्ने। (श्रोतः अन्य सार्वजनिक सम्पत्ती मर्मत संभार)<br>३.लेटाङ नगरपालिका वडा नं २ को झुरपाल टोल सडक ग्राबेलका लागि बजेट माग भई आएकाले उक्त सडक ग्राबेलका लागि रू१,००,०००/- बजेट बिनियोजन गर्ने। (श्रोतः सडक मर्मत संभार कोष)<br>४. वडा नं ५ मजुवा खोला देखि सूर्यटार सम्मको सडक मर्मत गर्ने कामका लागि बजेट माग भई आएकाले प्राविधिक लागत अनुमान बमोजिम रू९५२६०।३८ बजेट बिनियोजन गर्ने। (श्रोतः सडक मर्मत संभार कोष)<br>५. वडा नं ७ को भुवा खोला फिकौंली सडक मर्मतका लागि प्राविधिक स्टमेट बमोजिम रू ७१०,०००/- बजेट बिनियोजन गर्ने। (श्रोतः सडक मर्मत संभार कोष)<br>६.लेटाङ नगरपालिका वडा नं ८ को भालुखोप नयाँ सडक मर्मत संभारका लागि प्राविधिक स्टमेट बमोजिम रू९९८५२/- बजेट बिनियोजन गर्ने। (श्रोतः सडक मर्मत संभार कोष) |
| ९ | आर्थिक सहयोग सम्बन्धमा। | १.लेटाङ नगरपलिकाको क्षेत्रभित्र संचालित १४ वटा संस्थागत विद्यालयहरूमा अध्ययनरत करिब ४५०० विद्यार्थिहरूको बार्षिक रूपमा मनाइने PABSON Sport Meet,२०८१ खेलकुद प्रतियोगिता संचालनका लागि सहयोग रकम माग भएकोमा रू १,००,०००।– आर्थिक सहयोग प्रदान गर्ने। (श्रोतःकार्यक्रम खर्च)<br>२. लेटाङ नगरपालिका वडा नं ७ वारङ्गीमा लाग्ने पौराणीक एतिहासिक मेला बाराजी मेलामा आयोजना भएको भलिबल खेल प्रतियोगिता सञ्चालनका लागि रू१,००,०००/- प्रदान गर्ने। (श्रोतः कार्यक्रम खर्च)<br>३.लेटाङ नगरपालिका वडा नं.-९ मा अवस्थित बि.वाई. सि. ले शुभ- दिपावलीको अवसरमा संचालन गरेको नकआउट फुटबल प्रतियोगिता सचालनका लागि रू२५०००/- प्रदान गर्ने। (श्रोतःकार्यक्रम खर्च)<br>४.कमलपुर टोल विकास संस्थाको आयोजनामा लेटाङको गौरव स्यारथुन दौड LETANG RUN 10K संचालनका लागि आर्थिक सहयोग माग गरेकोले उक्त टोल विकास संस्थालाई रू३५०००/- प्रदान गर्ने। (श्रोतः कार्यक्रम खर्च)<br>५.लेटाङ क्रिकेट क्लबले प्रथम क्रिकेट प्रतियोगिता-२०८१ संचालनका लागि आर्थिक सहयोग माग गरेकाले उक्त क्रिकेट क्लबलाई रू६७०००/- आर्थिक सहयोग प्रदान गर्ने। (श्रोतः नगर कार्यक्रम खर्च-२००००, वडा नं ४ खेलकुद कार्यक्रम- २००००/- , वडा नं ३ को खेलकुद कार्यक्रम, २०००० वडा नं ८ को खेलकुद कार्यक्रमः- ७०००/-)<br>६.लेटाङ नगरपालिका वडा नं १ मा अवस्थित याक्थुम्बा यूवा समुह लेटाङ १ कात्तिके भलिवल खेल समितिले वडा अध्यक्ष भलिवल प्रतियोगिता संचालनका लागि आर्थिक सहयोग माग गरेकोमा उक्त समितिलाई रू५००००/- आर्थिक सहयोग प्रदान गर्ने। (श्रोतः नगर कार्यक्रम खर्च २५०००, वडा नं १ को खेलकुद कार्यक्रम २५०००)<br>७. लेटाङ नगरपालिका छठ पुजा समारोह समितिको आयोजनामा चिसाङ खोला किनारमा सम्पन्न छठ पुजा समारोह संचालनका लागि आर्थिक सहयोग माग गरेकोमा उक्त समितिलाई रू ३००००/- आर्थिक सहयोग प्रदान गर्ने। (श्रोतः कार्यक्रम खर्च) |

| | | |
|---|---|---|
| | | ८.नेपाल राष्ट्रिय शिक्षक संगठन लेटाङको तेश्रो नगर अधिवेशनका लागि आर्थिक सहयोग माग भई आएकाले उक्त अधिवेशनका लागि रू१००००/- आर्थिक सहयोग प्रदान गर्ने। (श्रोतः कार्यक्रम खर्च) |
| १० | विपद् व्यवस्थापन सम्बन्धमा। | १.लेटाङ नगरपालिका वडा नं ३ बस्ने श्री मुक्तिनाथ राईको धान खेतीमा भएको क्षतिको माग निवेदन बमोजिम लेटाङ नगरपालिका कृषि बिकास शाखाको प्रतिवेदन तथा वडा नं ३ को सिफारिस पत्रको आधारमा निजलाई राहात स्वरूप रू१००००/- प्रदान गर्ने। (श्रोतः विपद् व्यवस्थापन कोष)<br>२.लेटाङ नगरपालिका वडा नं ३ मा बस्ने श्री सुमित्रा सुन्दासको घरमा आगोलागी भएको भनी माग निवेदन सर्जमिन मुचुल्का सहित प्राप्त भएकाले निजलाई रू१५०००/- आर्थिक सहयोग प्रदान गर्ने। (श्रोतः विपद् व्यवस्थापन कोष)<br>३.लेटाङ नगरपालिका वडा नं ४ निवासी श्री नविन भुजेलको माग निवेदन बमोजिम निजको दाजु श्री कमल भुजेल रोजगारीको सिलसिलामा काठमाडौंमा बस्दै आउनु भएकोमा निजको श्री समिट हस्पिटल प्रा.लि भक्तपुरमा निधन भएको साथै निजको आर्थिक अवस्था समेत कमजोर रहेकाले पार्थिव शरिरलाई काठमाडौं देखी निजी निवास लेटाङ,४ ल्याउनका लागि शव वहानको सक्कल बिल बमोजिमको रकम भुक्तानी प्रदान गर्ने। (श्रोतः विपद् व्यवस्थापन कोष)<br>४. लेटाङ नगरपालिका वडा नं १ मा मितिः२०८१।०८।१६ गते बेलुका श्री कृष्ण बहादुर लिम्बुको घर बिद्युत शर्ट भई आगोलागी भएर पूर्ण क्षति भएको हुँदा लेटाङ नगरपालिकाबाट तत्काल रहात प्रदान गर्नु पर्ने भई बिभिन्न राहत सामाग्रीहरू प्रदान गरेकोमा खर्च बिल भर्पाई अनुसार रू२०३८५ भुक्तानी प्रदान गर्ने। (श्रोतः विपद् व्यवस्थापन कोष) |
| ११ | प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धमा। | नदिजन्य पदार्थ उत्खनन् संकलन तथा बिक्री सम्वन्धमा लेटाङ नगरपालिका मार्फत गरिएको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन संसोधन सहित पेश हुन आएकाले उक्त प्रतिवेदन स्विकृत गर्ने। साथै सम्बन्धित निकायमा पत्राचार गर्ने। |
| १२ | उत्खन्न अनुमती सम्बन्धमा। | मोरङ जिल्लाको लेटाङ नगरपालिकामा निजी क्षेत्रबाट साधारण निर्माणमुखी सामाग्री (ढुङ्गा गिट्टी तथा वालुवा) उत्खन्न तथा संकलन गर्ने कार्यको लागि स्विकृत पारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन अनुसार लेटाङ नगरपालिका वडा नं ३ निवासी श्री उत्तरमणी राईले उत्खन्नका लागि सधियारहरूको सहमती सहित माग निवेदन दिएकोमा निजलाई प्रदेश आर्थिक ऐन बमोजिम राजश्व लिई प्रम्भिक वातावरणीय परिक्षणमा उल्लेख भएको परिमाण समुदायमा असर नपर्ने गरी आपसी सहमतीमा (१२३५२ घन मि.) उत्खन्नका लागि स्थानीयबासीहरुसंग छलफल गरी सहमती पश्चात आवश्यक निर्णय गर्ने । |
| १३ | स्टक प्रमाणित सम्बन्धमा। | १. नदिजन्य पदार्थको मौज्दात क्लियर गर्न यस अगाडीको कार्यपालिकाको निर्णय बमोजिम निवेदन प्राप्त भई राजश्व दाखिला गरि सकेकाको हकमा मिति २०८२ साल जेष्ठ मसान्तसम्म अनिवार्य मौज्दात क्लियर गर्ने गरी म्याद थप गरि दिने ।<br>२. यस अगाडीको कार्यपालिकाको निर्णय बमोजिम खोलावाट आन्तरिक प्रयोजनको लागि ढुङ्गा संकलनको लागि राजश्व संकलन गर्न नगरपालिकावाट खटाईएका कर्मचारीहरुलाई मिति २०८१/०८/२५ गतेवाट फिर्ता गर्ने ।<br>३ ढुङ्गाको मौज्दात प्रमाणीकरण भन्दा बढी परिमाण र अवैध रुपमा नदीजन्य पदार्थ चोरी निकासी भएमा नियन्त्रणका लागि नजिकक्ना सुरक्षा निकायलाइ पत्राचार गर्ने । नगर प्रहरीलाइ २४ घन्टा गस्तीमा खटाउने ।त्यसको अनुगमन नियमित रुपमा पुर्वाधार |

| | | |
|---|---|---|
| | | विकास समितिका सयोजकले गर्ने र त्यसको प्रतिवेदन कार्यपालिका बैठकमा पेश गर्ने ।<br>४. अव उप्रान्त मौज्दात प्रमाणीकरणका लागि निवेदन प्राप्त भएमा निवेदकले बिक्री सम्झौता र क्लियरेन्स गर्ने अवधि समेत तोकी निवेदन दिनुपर्नेछ र नगरपालिकाले अधिकतम ३० दिन भित्र क्लियर हुने गरी स्टक प्रमाणित गरी दिने ।<br>५. चालु आर्थिक वर्ष भन्दा अगाडीको मौज्दात प्रमाणिकरणका लागि आवेदन प्राप्त भएमा तोकिएको दररेटमा २० प्रतिशत थप जरिमाना लिई मौज्दात प्रमाणीकरण गरिदिने।<br>६. नगर कार्यपालिकाको निर्णय बमोजिम नगरपालिकावाट खटाईएका कर्मचारीवाट राजश्व असुल भई मौज्दात गरिएका ढुङ्गाको हकमा राजश्व तिरेको बराबरको परिमाण निशुल्क मौज्दात प्रमाणीकरण गरिदिने साथै सो भन्दा बढी परिमाणको हकमा तोकिएको राजश्व लिई मौज्दात प्रमाणीकरण गरिदिने ।<br>७ चालु आर्थिक वर्ष भन्दा पछाडी कुनै पनि मौज्दात प्रमाणिकरण नगर्ने । |
| १४ | हिउँदे नगरसभा सम्बन्धमा। | १६ औं नगर सभा २०८१।०९।०७ गते सम्पन्न गर्ने।<br>१५औं नगरसभावाट स्विकृत योजना तथा कार्यकम संसोधन गर्नु पर्ने भएमा योजनाहरुको विवरण मिति मसिर मसान्त भित्र नगर प्रमुख समक्ष पेश गर्ने। |
| १६ | सार्वजनिक जग्गाको अध्यावधिक विवरण तयार गर्ने | लेटाङ नगरपालिका क्षेत्र भित्रका सबै सार्वजनिक जग्गाको विवरण संकलन गरी किताव तयार गरी सार्वजनिक गर्ने । |
| १८ | प्रतिवेदन हस्तान्तरण सम्बन्धमा। | राजश्व परामर्श समितिका तर्फवाट आ.व. २०८२/८३ को लागि श्रोत अनुमान तथा सीमा निर्धारण समितिका लागि पेश गर्ने प्रतिवेदनको प्रस्तुतिकरण तथा प्रतिवेदन श्रोत अनुमान तथा सीमा निर्धारण समितिका संयोजकलाई हस्तान्तरण भएको हुंदा आगामी कार्यपालिका बैठकमा स्रोत अनुमान तथा सीमा निर्धारण समितिको आ.व. २०८२/८३ को अनुमानित आय र ब्ययको विवरण पेश गर्ने । |
| २० | संगठन संरचना तथा दरबन्दी सम्बन्धमा। | लेटाङ नगरपालिकाको संगठन तथा ब्यवस्थापन सर्वेक्षण २०८१ पेश भयो । छलफल गरी आगामी कार्यपालिकामा स्विकृतिका लागि पेश गर्ने। |
| २२ | चौमासिक समिक्षा सम्बन्धमा। | लेटाङ नगरपालिकाको प्रथम चौमासिक समिक्षा कार्यक्रम देहायको मिति र स्थानमा गर्ने।<br>देहायः<br>मितिः२०८१।०८।२८ गते<br>स्थानःलेटाङ नगरपालिका सभाहल |
| २३ | भू-उपयोग सम्बन्धमा। | लेटाङ नगरपालिकाको मितिः२०८१।०८।१८ गतेको लेटाङ भू-उपयोग परिषदको बैठकको प्राप्त निर्णयको अनुमोदन गर्ने। |
| २४ | भू-उपयोग नक्सा सम्बन्धमा। | लेटाङ नगरपालिका भू-उपयोग परिषदको मितिः२०८१।०८।०६ गतेको बैठकबाट कार्यपालिकामा पेश हुन आएको लेटाङ नगरपालिकाको भू-उपयोग नक्सा स्विकृत गर्ने। |
| २५ | कार्यविधि संसोधन सम्बन्धमा। | लेटाङ नगरपालिका लेटाङ सर्पदंश उपचार केन्द्र ( संचालन तथा व्यवस्थापन) कार्यविधी, २०८१ मा संलग्न अनुसूची बमोजिम संसोधन गर्ने। |
| २६ | स्वास्थ्य कर्मचारी करार गर्ने सम्बन्धमा। | आधारभुत स्वास्थ्य केन्द्र तथा शहरी स्वास्थ्य केन्द्र संचालनका लागि हाल कर्मचारी अभाव रहेकाले देहायको पदमा कर्मचारीहरू करार करार सेवामा पदपुर्ति गर्ने।<br>देहायः<br>अ.हे.व. - ३ जना |

<table>
<tr><td></td><td></td><td>अ.न.मि. - ५ जना</td></tr>
<tr><td>२७</td><td>खेलकुद कार्यकम सचालन सम्वन्धमा।</td><td>बार्षिक स्विकृत कार्यक्रमको सि.नं. ११७ खेलकुद प्रशिक्षण प्रशिक्षक महिला पुरूष फुटबल u14, महिला भलिबल खुला, पुरूष क्रिकेट u23 को बजेट रू २ लाख मध्ये तपसिल अनुसार शिर्षकगत बिभाजन गरी कार्यक्रम संचालन गर्ने।<br>तपसिलः
<table>
<tr><th>क.सं.</th><th>शिर्षक</th><th>बजेट</th></tr>
<tr><td>१</td><td>महिला भलिबल प्रशिक्षण</td><td>६००००/-</td></tr>
<tr><td>२</td><td>पुरूष क्रिकेट U23</td><td>६००००/-</td></tr>
<tr><td>३</td><td>महिला, पुरूष फुटबल U14</td><td>८००००/-</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२०००००/-</td></tr>
</table></td></tr>
<tr><td>२८</td><td>संस्था दर्ता सम्बन्धमा।</td><td>लेटाङ नगरपालिका संस्था दर्ता ऐन २०७८ को दफा ४(३) बमोजिम कार्यपालिकामा पेश हुन आएका देहायको संस्थाहरूको संस्था दर्ता गर्ने।<br><u>देहायः</u><br>१. संघर्षशील युवा संमूह, लेटाङ-२</td></tr>
<tr><td>२९</td><td>भेरिएसन गरी निकासा सम्बन्धमा।</td><td>लेटाङ नगरपालिकाको कार्यालय भवन रंगरोगन कार्यका लागि मिति २०८१।०६।०६गते सार्वजनिक सूचनाबाट ठेक्का आव्हान गरी मिति २०८१।०७।०६ गते रिदिमा निर्माण सेवासँग ठेक्का सम्झौता गरि सम्झौता भन्दा बढी कार्यालयको परिसर अगाडी कम्पाउन्डवाल र नगर प्रहरी कार्यकक्षमा थप रंगरोगन गर्न आवश्यक भएकोले सोही निर्माण सेवालाई रंगरोन गर्न कायदिश दिइ ठेक्काको कबोल अंकको ८.१% ले भेरिएसन स्वीकृत गरी रकम निकासा गरिदिने।</td></tr>
</table>

अनुसूची-१

| हालको व्यवस्था | संशोधन गर्नुपर्ने | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| परिच्छेद-१(१) लेटाङ सर्पदंश उपचार केन्द्र, लेटाङ | "सामुदायिक सर्पदंश तथा प्राथमिक उपचार सेवा केन्द्र, लेटाङ" | कार्यविधीमा उल्लेख भएको नाम र स्वास्थ्य सेवा बिभागको स्वीकृती पत्रमा उल्लेख भएको संस्थाको नाममा फरक पाइएको हुदा |
| परिच्छेद -३ दफा ५ व्यवस्थापन समिति गठन<br>(१)लेटाङ सर्पदंश उपचार सेवा संचालन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको एक व्यवस्थापन समिति रहनेछ।<br>क. नगर उपप्रमुख - अध्यक्ष<br>ख. प्रमुख प्रशासकीय अधिकृत -सदस्य<br>ग. नेपाली सेनाको लेटाङ स्थित कार्यालयको प्रमुख वा निजले तोकेको अधिकृत - सदस्य<br>घ. स्थानीय प्रहरी प्रमुख -सदस्य<br>ङ. अध्यक्षले मनोनित गरेको प्रतिनिधि १ जना महिला सहित - २ जना सदस्य<br>च.लेटाङ अस्पताल प्रमुख –सदस्य<br>छ.केन्द्र सञ्चालन भएको वडाको वडाध्यक्ष –सदस्य<br>ज.नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख -सदस्य सचिव | परिच्छेद -३ दफा ५ व्यवस्थापन समिति गठन<br>(१)लेटाङ सर्पदंश उपचार सेवा संचालन तथा व्यवस्थापन गर्न नगर प्रमुखको संरक्षणमा देहाय बमोजिमको एक व्यवस्थापन समिति रहनेछ।<br>क. नगर उपप्रमुख – अध्यक्ष<br>ख. प्रमुख प्रशासकीय अधिकृत -सदस्य<br>ग. स्थानीय प्रहरी प्रमुख -सदस्य<br>घ. अध्यक्षले मनोनित गरेको प्रतिनिधि १ जना महिला सहित - ३ जना सदस्य<br>ङ.लेटाङ अस्पताल प्रमुख –सदस्य<br>च.केन्द्र सञ्चालन भएको वडाको वडाध्यक्ष –सदस्य<br>छ.नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख -सदस्य सचिव<br>उक्त व्यवस्थापन समितिमा पूर्वि पृतना तालिम शिक्षालय लेटाङ सल्लाकारको रूपमा रहनेछ। | व्यवस्थापन समितिमा नगरप्रमुख संरक्षक राख्न तथा नेपाली सेना सल्लाकारको रूपमा मात्र रहने भएकाले |